# विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्षको आंशिक
आवश्यकता पूरा गर्नका लागि तयार पारिएको

**शोधपत्र**


**शोधकर्ता**

प्रमिला पौडेल

क्याम्पस क्रमाङ्क : ६३-०६६/०६८

त्रि.वि. दर्ता नं.: ९-३-२०४-१५१-२००९

परीक्षा क्रमाङ्क .: २०४००९१/०६८

कनकाई बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा


२०७३ (सन् २०१७)

त्रि.वि. बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :...........................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी प्रमिला पौडेलले मेरो प्रत्यक्ष निर्देशनमा **विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २२ डिसेम्बर २०१६

(मोहन प्रसाद ओली)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :.............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी प्रमिला पौडेलले **विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उपप्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................................

२. मोहन प्रसाद ओली
शोध निर्देशक ..........................................

३. उपप्रा. गणेश प्रसाद खनाल
बाह्य परीक्षक ..........................................

मिति : ९ जनवरी २०१७

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य पूरा गर्नको लागि महत्वपूर्ण निर्देशन, सल्लाह सुझाव, हौसला एवं मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय गुरु तथा शोध निर्देशक श्री मोहनप्रसाद ओलीप्रति हार्दिक आभार प्रकट गर्दछु । सल्लाह सुझाव दिई अनुसन्धान कार्यमा सहयोग गर्नुहुने श्रद्धेय गुरु विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीप्रति आभारी छु । स्थलगत अध्ययनको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूरू, प्रधानाध्यापकज्यूहरु, शिक्षकवर्ग तथा अभिभावकवर्ग प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधपत्र लेखनका क्रममा प्रत्यक्ष परोक्ष सहयोग जुटाइदिने मेरा परिवारजन, साथीसँगी लगायत सम्पूर्ण शुभेच्छु वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, शोधपत्रको टाइपिङ, ले आउट, छपाइ तथा बाइण्डिङ समेतको जिम्मेवारी पूरा गरिदिने खनाल कम्युनिकेशन विर्तामोड तथा त्यसकी सञ्चालिका श्री शकुन्तला खनाल तथा प्रस्तावना लेखनदेखि शोधकार्य सम्पन्न गर्दासम्म शोधको प्राविधिक एवम् भाषिक पक्षमा सहयोग पुऱ्याइदिनु हुने शनिश्चरे उच्च माध्यमिक विद्यालय, झापाका शिक्षक श्री चेतामणि खनालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रमिला पौडेल

# शोधसार

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि* ***विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समिति*** *शीर्षकमा यो शोध पत्र तयार गरिएको छ । यसको मुख्य उद्देश्य विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिको भूमिकाको पहिचान गरी यसले शैक्षिक गुणस्तरमा पारेको प्रभाव अध्ययन गर्नु रहेको छ ।*

*झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गत सञ्चालित प्राथमिक तह सञ्चालन गरेका पाँचवटा सामुदायिक विद्यालयहरुलाई नमुनाको रुपमा छनोट गरी त्यसैभित्र अध्ययनको परिसीमा निर्धारण गरिएको छ । गुणात्मक र परिमाणात्मक दुवै विधिरूलाई मिश्रित रूपमा उपयोग गरी प्रश्नावली, विद्यालय अवलोकन पाराम जस्ता प्राथमिक साधनबाट प्राथमिक तथ्याङ्क र विद्यालयहरुका अभिलेखहरु, शोधपत्रहरू, पुस्तक लेखरचनाहरू आदिका माध्यमबाट द्वितीयक तथ्याङ्कको संकलन गरिएको छ । वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक सङ्घ अध्यक्ष, प्र.अ., शिक्षक र काँकरभिट्टा स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई प्रश्नावली भराइएको छ । सङ्कलन गरिएका तथ्याङ्कहरूलाई उद्देश्यका आधारमा वर्गीकरण गरी विभिन्न तालिका, औसतका आधारमा व्याख्या, विश्लेषण गरी शोधकार्य पूरा गरिएको छ ।*

*व्याख्या विश्लेषणबाट प्राप्त भएको नतिजाबाट भौतिक सुविधा विस्तारका लागि विद्यालय व्यवस्थापन समितिले आर्थिक स्रोतको खोजी र उपयुक्त परिचालन गर्ने, भौतिक निर्माणका लागि जनशक्ति परिचालन तथा निर्माण कार्यको अनुगमन गर्ने तथा भौतिक संरचनाको संरक्षणका लागि समुदायसँग सम्बन्ध विस्तार गर्ने, समुदायसँग निरन्तर सम्पर्क र सञ्चार कायम राख्ने, विद्यालय समुदाय अन्तरक्रिया सञ्चालन गर्ने, विद्यालयका गतिविधिहरुमा सरोकारवालाहरुको सहभागिताको वातावरण निर्माण गर्ने जस्ता पक्षहरुमा अहम भूमिका निर्वाह गर्नु पर्ने भूमिका देखियो । अध्ययन गरिएका अधिकांश विद्यालयहरुका भवनहरु अनुपयुक्त, जीर्ण र कक्षा सञ्चालनका निमित्त असहज किसिमका तथा कक्षाकोठाहरु पुरानो शैलीका र साँघुरा पाइयो । अधिकांश विद्यालयहरुमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको प्रबन्ध गरिएको भए पनि शौचालयको सरसफइको व्यवस्था कमजोर पाइयो । अधिकांश विद्यालयमा पिउने पानीको लागि असुरक्षित स्रोत इनार वा*

ट्युबवेल प्रयोग गरिएको पाइयो । अधिकांश विद्यालयहरुमा घेरावाराको व्यवस्था भएको पाइएन । अध्ययन गरिएका अधिकांश विद्यालयहरुमा स्थानीय प्रविधिका काठका पुराना एवं असजिला किसिमका डेस्कबेञ्चहरु रहेका पाइयो । विद्यार्थी संख्याको अनुपातमा डेस्क बेञ्चको संख्या कम रहेको समेत पाइयो । अधिकांश विद्यालयका कक्षाकोठाहरु अनुपयुक्त भएकाले विद्यार्थी केन्द्रित विधि प्रयोग गरी कृयाकलापमूलक शिक्षण गर्न सहज देखिएन । अतिरिक्त क्रियाकलाप अन्तर्गत सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सकिने हलको व्यवस्था कुनै पनि विद्यालयमा पाइएन । भौतिक सुविधाको अवस्था राम्रो भएका विद्यालयको विद्यार्थी भना, विद्यालय टिकाउपन र सिकाइ उपलब्धिको स्तर राम्रो रहेको पाइयो ।

शिक्षामा गरिने लगानी र सो लगानी अनुरुपको उपलब्धिको आधारमा प्रणालीगत विश्लेषण गर्दै नीति तथा कार्यक्रमहरु निर्माण गर्नुपर्ने, भौतिक सुविधामा भवन निमार्णका कार्य मात्र नभएर शैक्षिक सामग्री, कम्प्युटर व्यवस्थापन, खेलमैदान, घेरावारा, फर्निचर, प्रयोगशाला जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने समग्र तत्वहरु समावेश हुने हुनाले भौतिक व्यवस्थापनतर्फ भवन, कक्षाकोठाको अतिरिक्त शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला र कम्प्युटर जस्ता पक्षहरु भएको एक कार्यक्रम निर्माण गर्नुपर्ने र उक्त कार्यक्रमको कार्यान्वयन निश्चित समयावधिभित्र प्याकेजको रुपमा विद्यालयमा गराउन प्रभावकारी र नीतिगत व्यवस्था अनुरुप गर्नु पर्दछ । शैक्षिक क्षेत्रका लागि बनेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई अझ बढी प्रभावकारी बनाउन सरोकारवालाहरुलाई बढीभन्दा बढी जवाफदेही बनाउँदै अनुगमन संयन्त्र निर्माण गरेर सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास जगाउन उपलब्ध भौतिक पक्षको पूर्ण प्रयोग गर्ने तर्फ विद्यालयका प्र.अ., शिक्षक तथा कर्मचारीहरुका साथै वि.व्य.स. समेत लाग्नु पर्दछ ।

# विषय सूची

## परिच्छेद एक


| | | |
|---|---|---|
| | **परिचय** | **१-१२** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ८ |
| १.३ | अध्ययनको औचित्य | १० |
| १.४ | अध्ययनका उद्देश्यहरु | १० |
| १.५ | अनुसन्धानको प्रश्नावली | ११ |
| १.६ | अध्ययनको परिसीमा | ११ |


## परिच्छेद दुई


| | | |
|---|---|---|
| | **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **१३-२०** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२ | सैद्धान्तिक खाका | १७ |
| २.३ | शैक्षिक उपादेयता | १९ |


## परिच्छेद तीन


| | | |
|---|---|---|
| | **अध्ययन विधि र प्रक्रिया** | **२१-२४** |
| ३.१ | अनुसन्धान ढाँचा | २१ |
| ३.२ | जनसङ्ख्या र नमुना छनोट | २१ |
| ३.२.१ | जनसङ्ख्या | २१ |
| ३.२.२ | नमुना छनोटको आधार | २२ |
| ३.२.३ | नमुनाको आकार | २२ |
| ३.३ | तथ्याङ्कको स्रोत | २२ |
| ३.२.१ | प्राथमिक स्रोत | २२ |
| ३.२.२ | द्वितीयक स्रोत | २३ |
| ३.४ | तथ्याङ्क सङ्कलनका साधनहरु | २३ |
| ३.४.१ | प्रश्नावली | २३ |

३.४.२ अवलोकन फाराम २३

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २३

३.६ तथ्याङ्क विश्लेषण प्रकृया २४


**परिच्छेद चार**


**नतिजाको छलफल २५-४८**

४.१ भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिको भूमिकाको अवस्था २५

४.१.१. आर्थिक स्रोत व्यवस्थापन २५

४.१.२ भौतिक निर्माण व्यवस्थापन २६

४.१.३ भौतिक संरचनाको संरक्षण व्यवस्थापन २७

४.१.४ भौतिक सुविधाको वर्तमान अवस्था २९

४.१.५ भौतिक सुविधा र शैक्षिक उपलब्धिको अवस्था ३६

४.२ भौतिक सुविधा विस्तारमा प्रभाव पार्ने तत्वहरु ४०

४.२.१ विद्यालयको आर्थिक स्रोत ४०

४.४.२ समुदायको आर्थिक अवस्था ४०

४.२.३ विद्यालय समुदाय सम्बन्ध ४१

४.२.४ सरकारी अनुदान ४१

४.२.५ व्यवस्थापन समितिको कार्यशैली ४१

४.३ भौतिक सुविधा विस्तारमा देखिएका समस्याहरु ४१

४.३.१ समस्याका क्षेत्रहरु ४१

४.३.२ समस्याका कारणहरु ४४

४.४ भौतिक सुविधा विस्तारमा झेल्नुपरेका समस्या समाधानका उपायहरु ४६

४.५ प्राप्ति ४७


**परिच्छेद पाँच**


**निष्कर्ष र सुझावहरु ४९-५२**

५.१ निष्कर्ष ४९

५.२ सुझावहरु ५०

| | | |
|---|---|---|
| ५.२.१ | नीतिगत तह | ५१ |
| ५.२.२ | अभ्यास तह | ५१ |
| ५.२.३ | अनुसन्धान तह | ५२ |

**सन्दर्भ सूची**

**अनुसूचीहरु**